# दुहवी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४  संख्या : ४  प्रकाशन मिति : २०७८/०६/०१

## भाग २

# दुहवी नगरपालिका

## बिपन्न नागरिक स्वास्थ्य–बीमा कार्यक्रम कार्यविधि,२०७८

# बिपन्न नागरिक स्वास्थ्य–बीमा कार्यक्रम कार्यविधि,२०७८

**नगरकार्यपालिकाबाट पारित मिति : २०७८।०५।२९**
**प्रमाणिकरण मिति : २०७८।०५।२९**

**प्रस्तावना :**

दुहबी नगरपालिकाको समुदायमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि मुख्य चुनौतीको रूपमा विद्यमान रहेकोले विपन्न, दलित तथा आर्थिक सामाजिक रूपले समस्यामा परेका नागरिकलाई स्वास्थ्य सेवा उपभोग गर्दा आउन सक्ने आर्थिक अवरोध हटाएर गुणस्तरीय स्वास्थ्य सेवाको समतामुलक पहुच अभिवृद्धिका लागि जनतासँग नगर प्रमुख कार्यक्रम अन्तर्गत बिपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रममा विपन्न नागरिकलाई आवद्ध गराउदै योगदान रकममा सहुलियत प्रदान गर्न, एवं नेपालको संविधान २०७२ बमोजिम नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक प्राप्तीको प्रत्याभूति गर्न बान्छनीय भएकोले,

दुहबी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७७ को दफा २ को नियम बनाउने दुहबी नगरकार्यपालिकोको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **“ बिपन्न नागरिक स्वास्थ्य –बीमा कार्यक्रम कार्यविधि,२०७८”** रहेको छ ।

(२) यो कार्यविधि दुहबी नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा —

(क) **स्वास्थ्य बिमा** भन्नाले स्वास्थ्य बिमा ऐन बमोजिमको नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा प्राप्तीका लागि व्यक्ति एवं परिवारले गर्ने बिमा सम्झनु पर्छ ।

(ख) **सहुलियत** भन्नाले नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमामा सहभागी हुँदा बिमितले बुझाउने योगदान रकम (प्रिमियम) मा दुहबी नगरपालिकाले दायित्व बहन गर्ने रकमलाई सम्झनु पर्छ।

(ग) **विपन्न** भन्नाले आर्थिक तथा सामाजिक गरिवीको आधारमा दुहबी नगरपालिकाले वर्गीकरण गरी सूचिकृत गरेको आर्थिक एवं सामाजिक गरीवीको समस्या ग्रस्त परिवारलाई सम्झनु पर्छ ।

(घ) **बिपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम** भन्नाले दुहबी नगरपालिकाको मिति २०७८।०३।१४ गतेको नवौं नगर सभाबाट जनतासंग नगर प्रमुख कार्यक्रम अन्तर्गत स्वीकृत विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम सम्झनु पर्छ ।

(ङ) **योगदान रकम (प्रिमियम)** भन्नाले नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमामा सहभागी हुदा बिमितको तर्फबाट बुझाउने सबै रकम सम्झनु पर्छ ।

(च) **सेवा** भन्नाले स्वास्थ्य बिमा ऐन २०७४ को दफा ५ बमोजिम प्राप्त हुने सम्पुर्ण स्वास्थ्य सेवालाई सम्झनु पर्छ ।

(छ) **बीमित** भन्नाले स्वास्थ्य बिमा कार्यक्रममा सहभागी भई योगदान रकम (प्रिमियम) भुक्तानी गरेको परिवारलाई सम्झनु पर्छ ,

(ज) **बोर्ड** भन्नाले स्वास्थ्य बिमा बोर्डलाई सम्झनु पर्छ ।

(झ) **पालिका** भन्नाले दुहबी नगरपालिकालाई सम्झनु पर्छ ।

(ञ) **कार्यपालिका** भन्नाले दुहबी नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(ट) **कार्यालय** भन्नाले दुहबी नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

**(ठ)** **मन्त्रालय** भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सम्झनु पर्छ ।

**(ड)** **नगरपालिका** भन्नाले दुहबी नगरपालिकालाई सम्झनु पर्छ ।

**(ढ)** **नागरिक** भन्नाले दुहबी नगरपालिकाको नागरिकलाई सम्झनु पर्छ ।

**(ण)** **दर्ता सहयागी** भन्नाले स्वास्थ्य बिमा नियमावली २०७५ को नियम १२ बमोजिम नियूक्त व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद–२

## कार्यक्रममा आवद्धता सम्बन्धी व्यवस्था

३. **आवद्धता** : नेपाल सरकारको स्वास्थ्य सेवा नियमावली २०७५ को नियम ३ बमोजिम देहाय अनुसारको आवद्धता हुनेछ ।

(१) कार्यक्रममा सहभागिताको लागि ५(पाँच) जनासम्म सदस्य रहेको परिवारलाई एक एकाइ मानिनेछ ।

(२) कुनै परिवारमा पाँच जना भन्दा बढी सदस्य भएमा बढी भएजति सदस्यको हकमा प्रति व्यक्ति स्वास्थ्य सेवा नियमावली २०७५ को अनुसूची—१ बमोजिमको योगदान रकम भुक्तानी गर्ने गरी आवद्ध हुन सकिनेछ ।

(३) कार्यक्रममा आवद्धता सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य सेवा नियमावली २०७५ बमोजिम हुनेछ ।

**४.आवद्ध हुने माध्यम**

(१) स्वास्थ्य सेवा नियमावली २०७५ को नियम ५ बमोजिमका देहायका आवद्ध हुने माध्यम हुनेछ ।

(क) दर्ता सहयागी मार्फत,

(ख) बीमा व्यवस्थापन सूचना प्रणाली मार्फत विद्युतीय दर्ता प्रणालीबाट,

(२) स्वास्थ्य बीमा कार्यक्रममा आवद्धताका लागि नेपाल सरकार वा अन्तर्गतका निकायबाट जारी गरिएको परिचय खुल्ने कुनैपनि लिखतलाई आधारमान्न सकिनेछ ।

## परिच्छेद–३

# योगदान रकम र सहुलियत सम्बन्धी व्यवस्था

**५.योगदान रकम:**

(१) कार्यक्रममा आवद्ध हुँदा लाग्ने योगदान रकम स्वास्थ्य सेवा नियमावली २०७५ को अनुसूची १ बमोजिम हुनेछ ।

(२) योगदान रकम सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य सेवा नियमावली २०७५ को नियम १५ को उपनियम(२), (३), (४), (५) बमोजिम हुनेछ ।

**६.व्यहोर्ने योगदान रकम**:

(१) कार्यक्रममा आवद्धताको लागि स्वास्थ्य सेवा नियमावली २०७५ को नियम १६ को उपनियम (१) अधिनमा रही नेपाल सरकार, १ नं.प्रदेश सरकार वा दुहबी नगरपालिकाले व्यहोर्ने योगदान रकम देहाय बमोजिम हुनेछ ।

(क) प्रच्चलित कानून बमोजिम अति गरीबको परिचय पत्र प्राप्त परिवारको योगदान रकमको शतप्रतिशत नेपाल सरकारले, ( सघीय सरकारको कार्यक्रम तथा बजेट प्राप्त भएपछि मात्र)

(ख) अति अशक्त अपाङ्गता (रातोकार्ड) , कुष्टरोगी, एच.आइ.भी. संक्रमित, जटिल खालको क्षयरोगी (एम. डी. आर. टि. बी.) बिरामी भएका परिवारको योगदान रकमको शतप्रतिशत नेपाल सरकार वा प्रदेश सरकारले ,

(ग) सत्तरी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको योगदान रकमको शतप्रतिशत नेपाल सरकारले,

(घ) महिला स्वास्थ्य स्वयं सेविका संलग्न भएको परिवारको योगदान रकमको ५०(पचास) प्रतिशत नेपाल सरकारले,

(ङ) दुहबी नगरपालिकामा सूचिकृत गरिएको सम्बन्धित वडाको सिफारिसको आधारमा विपन्न तथा अति विपन्न परिवारको योगदान रकम मध्ये अधिकतम रू.२५००। (दुई हजार पाँच सय।) सम्म दुहबी नगरपालिकाले,

७. **सहुलियत प्राप्त गर्न सक्ने:** (१) दुहबी नगरपालिकाले वर्गीकरण गरी सूचिकृत सम्बन्धित वडाले सिफारिस गरेका विपन्न परिवारले स्वास्थ्य बिमा गर्दा सहुलियत प्राप्त गर्न सक्नेछन ।

८. **सहुलियत प्राप्त हुने प्रक्रिया:** (१) यस कार्यक्रममा सहभागी हुन चाहने नागरिक (आवेदक) हरूले स्वास्थ्य बिमा योगदान रकम सहुलियतको लागि अनुसूची १ अनुसारको आवेदन फाराम भरी देहायका कागजात संलग्न गरि दर्ता सहयोगी मार्फत पेश गर्नु पर्नेछ ।

(क) स्वास्थ्य बिमा नियमावलीको नियम ६ संग सम्बन्धि अनुसूची २ को बिमालेख फाराम (भरिएको) ,

(ख) सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सम्बन्धी सिफारिस–पत्र,

(ग) नेपाली नागरिकताको प्रमाण—पत्रको प्रतिलिपी ।

**९. रकम उपलब्ध गराउने :**

(१) दफा ८ वमोजिम प्राप्त आवेदनहरू दफा ११ बमोजिमको पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिले जाँचवुझ गरि सूचना प्रकाशन गर्नेछ। सो सूचनामा तोकिएको समय भित्र तोकिए बमोजिम साझेदारी रकम विमा दर्ता सहयोगी मार्फत जम्मा गरे पछि कार्यपालिकाको कार्यालयबाट योगदान रकम( प्रिमियम)मा सहुलियत वापतको रकम थप गरि स्वास्थ्य बिमा बोर्डलाई भुक्तानी गरिनेछ ।

(२) विपन्नताको श्रेणीका आधारमा देहाय बमोजिम योगदान रकम( प्रिमियम)मा सहुलियत वापतको रकम उपलब्ध हुनेछ ।

(क) अति विपन्न नागरिकलाई पहिलो, दोस्रो र तेस्रो वर्ष क्रमशः प्रति एकाइ रू२५००।–, १५००।–, र १०००।– को दरले,

(ख) विपन्न नागरिकलाई पहिलो दास्रो र तेस्रो वर्ष क्रमशः प्रति एकाइ रू.२०००।–, १०००।–, र ५००।–को दरले

**१०. सहुलियत प्राप्तीको अवधी :** दुहबी नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रममा श्रोत व्यवस्थापन भएसम्म ।

## परिच्छेद–४

# समिति, अनुगमन,मूल्याङ्कन सम्बन्धी व्यवस्था

**११. पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समिति**: (१) नेपाल सरकार स्वास्थ्य सेवा नियमावली २०७५ को नियम २६ लाई आधारमानी देहायअनुसारका पद एवं प्रतिनिधित्व रहने गरी पालिका स्तरीय स्वास्थ्य बीमा संयोजन समिति गठन हुनेछ ।

| | | | |
|---|---|---|---|
| (क) | नगरप्रमुख | – | संयोजक |
| (ख) | नगर उपप्रमुख | – | सदस्य |
| (च) | प्रमुख प्रशासकीय अधिकृत | – | सदस्य |
| (ग) | सामाजिक विकास समितिका संयोजक | – | सदस्य |
| (घ) | स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धी विशेष अनुभव वा विज्ञता हासिल गरेको कार्यपालिका सदस्य वा सामाजिक क्षेत्रका व्यक्ति मध्येनगर प्रमुखवाट मनोनित १ जना | – | सदस्य |
| (छ) | स्वास्थ्य शाखा प्रमुख | – | सदस्य सचिव |

**१२. पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम कर्तव्य र अधिकार** :(१) पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछन् :

(क) स्वास्थ्य बीमा सम्बन्धी पालिकास्तरीय कार्यक्रमको स्रोत व्यवस्थापन, योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनमा कार्यपालिकालाई सहयोग गर्ने,

(ख) कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन, समिक्षा, पृष्ठपोषण, सुधार एवं विस्तार,

(ग) स्वास्थ्य बीमा सम्बन्धी गुनासो व्यवस्थापन,

(घ) स्वास्थ्य बीमा बोर्डसंग समन्वय एवं निर्देशनको कार्यान्वयन,

(ङ) प्रिमीयम सहुलीयतका लागी प्राप्त आवेदनहरू छानवीन गरि निर्णय गर्ने ।

## परिच्छेद–५

## बाधा अडकाउ फुकाउ सम्बन्धी व्यवस्था तथा विविध

**१३. दुहवी नगरपालिका नगरकार्यपालिकाको कार्यालयले आवश्यक व्यवस्थापन गर्ने** : यस कार्यबिधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा दुहवी नगरपालिका नगरकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने छ ।

**१४. बिबिध** : यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलीत ऐन, नियमावलीमा उल्लेख भए अनुसार हुनेछ ।

अनुसूची ( १

(बुँदा ४.१ सँग सम्बन्धित कार्यविवरणको ढाँचा)

दुहबी नगर कार्यपालिकाको कार्यालय

न.पा.दुहबी

**१ नं. प्रदेश नेपाल**

**विषय:** स्वास्थ्य बिमा योगदान रकम सहुलियतको लागि आवेदन ।

श्रीमान् नगर प्रमुख ज्यु,

दुहबी **नगर**पालिका ,

नगर **कार्यपालिकाको कार्यालय**, दुहबी , सुनसरी

उपरोक्त सम्बन्धमा बिपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमा योगदान रकम सहुलियतको लागि देहाय अनुसार कागजात सहित निवेदन फाराम पेश गरेको छु ,

| |
|---|
| आवेदक: |
| नाम थर : |
| ठेगाना: |
| नागरिक्त नं : |
| सम्पर्क न : |

**आज्ञाले**

**विनोद कुमार न्यौपाने**

**प्रमुख प्रशासकीय अधिकृत**